# एजेन्सी रजिष्ट्रेशन गर्ने दरखास्त फाराम

श्रीमान महानिर्देशक ज्यू,
वणिज्य विभाग,
काठमाडौं ।

**विषयः एजेन्सी दर्ता बारे ।**

महोदय,

म/हामीले नेपाल सरकार ................................................ मा ...................................... नम्बरमा दर्ता रहेको प्रा. फर्म/साझेदारी फर्म/प्रा.लि./कं.लि. ले.................................................................... फर्मसँग लिएको एजेन्सीको छोटकरी विवरण तल खुलाई सो फर्मको एजेन्ट भएको कागजातहरू तथा अन्य आवश्यक कागजातहरू यसैसाथ पेश गरेको छु/छौं । उक्त फर्मको एजेन्ट भै काम गर्दाको शर्तनामा अनुसारको शर्त वा भाउमा कुनै फेरबदल भएमा सो को सूचना तुरुन्तै गर्ने छु/छौं । नेपाल एजेन्सी ऐन, २०१४ तथा एजेन्सी (संशोधन र एकिकरण) नियमहरु, २०१९ अनुसार आफुले लिएको एजेन्सीका मालहरू आएको, बिक्री भएको मौज्दात रहेको तथा तीनको दर भाउको फाँटवारी ३/३ महिनामा त्यस विभागमा पेश गर्नुको साथै माल बिक्री गर्दा वा काम गर्दा आफुले पाएको कमिशन रिबेट नेपाल सरकारबाट तोकी दिएको भन्दा बढी मूनाफा नलिई बिक्री गर्ने वा काम गर्ने छु/छौं, मेरा/हाम्रो नाउमा एजेन्सी दर्ता गरी पाउ लेखिएका व्यहोरा कुनै कुरा झुठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

१. एजेन्सी दिने फर्मको नाम (नेपाली):-
२. एजेन्सी दिने फर्मको नाम (अंग्रेजीको ठूलो अक्षरमा):-
३. एजेन्सी दिने फर्मको ठेगाना:-
४. एजेन्सी पाउनेको नाम (नेपालीमा):-
५. एजेन्सी पाउनेको नाम (अंग्रेजी अक्षरमा)
६. एजेन्सी पाउनेको ठेगाना (ब्लक नं./टेलिफोन नं. सहित):-
७. एजेन्सी पाएको मूल्य माल वस्तुको नाम:-
८. एजेन्सी पाएको ईलाका:-
९. एजेन्ट वा एजेन्सीको धनी/धनीहरूको नाम:-

निवदेक,
लेखात्मक सहीः-
रेखात्मक सहीः-
दा. बा.

# कबुलियतनामा

लिखितम् ________________________________________________

आगे तपसिल बमोजिम एजेन्सी पाएकोले रजिष्टर गर्ना निमित्त विवरण खुलाई यस विभागमा दरखास्त दिंएको सो एजेन्सीको रजिष्टर गर्ने ऐन, नियम बमोजिम नियम पालन गर्न सो पालना गर्ने कुरामा कबुलियत समेत गर्न तपाईको मञ्जुर छ छैन भनी यस विषयमा वाणिज्य विभागबाट सोधनी गर्दा मेरो चित्त बुझ्यो । यसमा ऐन रुल नियम अनुसार तपसील लेखिए बमोजिम नियम पालन गर्न मञ्जुर छ, पालन गर्नेछु । कथमकदाचित रुल नियम पालन नगरी उल्लघंन गरेमा ऐन रुल नियम पालन नगरेको ठहरी सजाय पाउने भएकोमा पछि कुनै कुराको उजूर गर्ने छैन भनी मनोमान खुसीराजीसँग कबुलियतमा लेखि नेपाल सरकार वाणिज्य मन्त्रालय वाणिज्य विभागमा चढाएँ ।

१. एजेन्सी दिने कम्पनीको नाम ..............................

२. ऐजेन्सी पाएको मालको छोटकरी विवरण ..............................

३. एजेन्सीको ईलाका ..............................

## पालन गर्नु पर्ने नियमहरु:-

क) जुनसालमा सो एजेन्सी रजिष्टर गरिएको हो सो सालको चैत्र मसान्तमा मात्र रजिष्टर बहाल रहने हुनाले अवधि समाप्त हुनु भन्दा अगाडि ऐन रुल नियम बमोजिम दस्तुर तिरी पुनः नवीकरण गराउने छु ।

ख) आफूले गरेको कारवाहीको फाँटवारी अनुसूची २ बमोजिम फर्ममा भरी प्रत्येक ३/३ (तीन-तीन) महिनामा यस विभागमा पेश गर्नेछु ।

ग) यस सम्बन्धि नियमको कुनै कुरा उल्लेख गरेमा पेश गरेको फाँटवारीमा कुनै कुरा झुठा लेखेमा कानून बमोजिम सजाय सहनेछु ।

घ) यस विषयमा ०१४।१२।२३ मा नेपाल गजेटमा प्रकाशित रजिष्ट्रेशन ऐनमा उल्लिखित कुराहरु प्रति पालन गर्नेछु । साथै यस सम्बन्धि अरु कुरा रुल नियम निस्केमा सो समेत पालना गर्न तयार रहने छु ।

ईति सम्वत् २०६ साल महिना गते रोज शुभम्

सही

दा. बा.